प्रतिदिन ८ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ००७ ।। २०८२ माघ २३ गते शुक्रबार (6th Feb 2026 Friday) Pratidin National Daily मूल्य-रु.५/-

### झापा ५ मा एमाले संकटमा
# चुनावी तालमेल गर्न ओलीको प्रस्ताव दाहालद्वारा अस्वीकार

झापा, माघ २२। नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले झापा-५ मा चुनावी तालमेल गर्न राखेको प्रस्ताव नेकपा संयोजक पुष्पकमल दाहालले अस्वीकार गरेका छन्।

चुनावी तालमेल गर्ने विषयमा ओली र नेकपा संयोजक दाहालबीच टेलिफोनमा कुराकानी भएको थियो। तर, १६४ निर्वाचन क्षेत्रमा आफ्ना उम्मेदवारले मनोनयन गरी प्रचारमा लागिसकेकाले तालमेल सम्भव नभएको जवाफ फर्काएको नेकपाका निर्वाचन प्रचारप्रसार समितिका संयोजक अग्नि सापकोटाले बताए । 'एमालेबाट तालमेलको प्रस्ताव आएको हो । हामीले १६४ निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएर युद्धस्तरमा प्रचारप्रसार थालिसकेका छौं । त्यसैले नेकपाले अब कसैसँग तालमेल गर्दैन' उनले भने ।

नेकपाबाट झापा-५ मा अखिल क्रान्तिकारीका पूर्व अध्यक्ष रञ्जित तामाङ उठेका छन् । एमाले र नेकपाबीच तालमेलको चर्चा चलेपछि नेकपा संयोजक दाहालले अब कुनै पनि दलसँग तालमेल नहुने स्पष्ट पारेका छन् । नेकपा, एमाले र अन्य दलसँग तालमेल नहुने भन्दै १६४ निर्वाचन क्षेत्रका निर्वाचन परिचालन समितिलाई घरदैलो अभियान व्यापक बनाउन निर्देशन दिएका छन् । झापा-५ मा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह उम्मेदवार भएपछि ओलीलाई चुनौती थपिएको छ । त्यसपछि एमालेले चुनावी तालमेलको प्रस्ताव अघि सारेको हो ।

तर,झापा-५ मा ओलीका चुनावी कमाण्डर देवेन्द्र दाहालले तालमेल गर्नेबारे छलफल नै नभएको दाबी गरेका छन् । '



हामी विगतकै मत सुरक्षित गर्दै चुनाव जित्ने अवस्थामा छौं,' उनले भने, 'यहाँ तालमेलको कुरै भएको छैन ।' २०७९ को निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टी र एमालेबीच झापा ३ र ५ मा तालमेल भएको थियो । झापा-३ मा एमालेले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई समर्थन गरेको थियो भने ५ मा राप्रपाले एमालेलाई सघाएको थियो ।

झापा-५ मा यसपटक नेकपाका उम्मेदवार रञ्जित तामाङ प्रतिस्पर्धामा छन् । तामाङका निर्वाचन परिचालन समितिका संयोजक सुरेन्द्र बस्नेतले तालमेलको हल्ला निराधार भएको बताए । 'अब कुनै पनि क्षेत्रमा तालमेल नहुने निर्देशन अध्यक्षले दिइसक्नुभएको छ । झापा-५ मा हामीले प्रतिस्पर्धालाई तीव्र पारेका छौं,' उनले भने ।

सबै जिल्लाका निर्वाचन परिचालन समितिलाई 'भर्चुअल' माध्यमबाट सम्बोधन गर्दै दाहालले एमालेलगायत दलसँग तालमेलको भ्रममा नपर्ने बताए । उनले तालमेलको प्रचार गरेर नेकपाविरुद्ध भ्रम सृजना गर्न खोजिएको भन्दै पार्टीका उम्मेदवारलाई जिताउन प्रतिबद्ध हुन निर्देशन दिए । 'हामीले १६४ निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएका छौं । कसैसँग तालमेल हुँदैन् । जनताबाट अस्वीकृत भएका र जेलेन्सकी प्रवृत्तिसँग तालमेल गरिँदैन्,' उनले भने, 'सबै निर्वाचन क्षेत्रबाट उत्साहजनक रिपोर्ट आएको छ । हामीले पहिलो पार्टी हुने सम्भवना देखेको छौं ।'

एमाले र नेकपाबीच तालमेलको चर्चा चलेपछि दाहालले भर्चुअल सम्बोधन गर्दै आफ्ना उम्मेदवार जिताउन आग्रह गरेका छन् । आफू उम्मेदवार भएको रुकुम पूर्वमा एमालेले प्रलोपाको उम्मेदवारलाई समर्थन गर्ने सहमति गरेपछि दाहाल बिच्किएका छन् । तुलनात्मक रुपमा सुरक्षित क्षेत्रमा उम्मेदवार बनेका दाहालविरुद्ध पूर्व माओवादी उपमहासचिव जनार्दन शर्माले सन्दीप पुनलाई उम्मेदवार बनाएका थिए । एमालेले रुकुम पूर्वका उम्मेदवार लीलामणि गौतमलाई 'निश्क्रिय' बनाएर पुनलाई समर्थन गरेपछि दाहाल सशंकित भएका थिए ।


एमालेले उपाध्यक्ष एवं निर्वाचन परिचालन समितिका संयोजक रामबहादुर थापाले २४ भदौको घटनाविरुद्ध उभिने दलहरुबीच सहकार्य हुन सक्ने बताउँदै आएका छन् । 'पार्टीको नीति अनुसार, जहाँ-जहाँ देश जलाउनेहरूको विरुद्ध जान तयार हुने राजनीतिक दलहरू छन्, त्यहाँ दुवै पक्षको हितलाई ध्यानमा राखेर निर्वाचन क्षेत्रहरूमा सहकार्य सम्भव छ' उनले बुधबार पत्रकार सम्मेलनमा भनेका थिए, 'निर्वाचन क्षेत्रहरूमा यस्तो विन-विन नीतिअनुसार सहकार्य हुन सक्छ ।'

थापाले २३ र २४ भदौको घटनाप्रति इङ्गित गर्दै 'देश जलाउनेहरुविरुद्ध' गठबन्धन गर्ने नीति नै भएको बताए । 'देश जलाउनेहरूविरुद्ध जाने वा उनीहरूको विरोधमा उभिने अन्य राजनीतिक दलहरूसँग निर्वाचन क्षेत्रहरूमा सहकार्य गर्न सकिने पार्टीको स्पष्ट नीति छ,' थापाको भनाइ छ, 'देश जलाउनेहरूको विरुद्ध जान तयार हुने राजनीतिक दलहरू छन्, त्यहाँ दुवै पक्षको हितलाई ध्यानमा राखेर निर्वाचन क्षेत्रहरूमा सहकार्य सम्भव छ ।' उनले दलहरुले प्रत्यक्षका उम्मेदवार उठाइसके पनि निर्वाचन हुने दिनसम्म तालमलेको सम्भावना रहेको बताए ।

'विभिन्न दलहरूले उम्मेदवार मनोनयन गरिसकेका छन्, तर २१ फागुनभन्दा अगाडिसम्म सबै पक्षबाट सहकार्यका लागि प्रयत्न जारी रहनेछ र अन्तिम समयमा यस्ता ठाउँहरूमा सहमतिमा पुगिन सक्छ,' उनको भने, 'नेपालको वर्तमान राजनीतिक परिस्थितिमा विपक्षी एकता वा क्षेत्रीय तालमेलको प्रयासलाई प्रतिबिम्बित गर्छ ।'

# कांग्रेसले निर्वाचनमा चुनावी गठबन्धन नगर्ने

काठमाडौँ । नेपाली कांग्रेसले कुनै दलसँग कहीँकतै पनि चुनावी गठबन्धन नहुने स्पष्ट पारेको छ । कांग्रेस केन्द्रीय कार्यालय सानेपामा बिहीबार आयोजित पत्रकार सम्मेलनमार्फत कांग्रेसले प्रतिनिधिसभाको निर्वाचनमा कहीँकतै पनि चुनावी गठबन्धन नहुने स्पष्ट पारेको हो । प्रवक्ता देवराज चालिसेले



पार्टीले १६५ निर्वाचन क्षेत्रमा नै आफ्नो उम्मेदवार उठाइसकेको हुँदा चुनावी गठबन्धन नहुने स्पष्ट पारे । 'चुनावपूर्व कसैसँग गठबन्धन हुँदैन, सबै क्षेत्रमा कांग्रेसले आफ्नो उम्मेदवार उठाएको छ, हामी दृढतापूर्वक प्रचारमा लागेका छौं, सभापतिले पनि सार्वजनिक रूपमा भनिराख्नुभएको छ, त्यसबाहेक अरू कुनै भ्रममा नपर्न आग्रह गर्छु,' कांग्रेस प्रवक्ता चालिसेले भने ।

उनले अधिनायकवाद मिठो चिप्लो कुरा गरेरै आउने भन्दै नयाँ भन्नेहरूको भ्रममा नपर्न समेत आग्रह गरे । यस्तै अन्य केही राजनीतिक दलले चुनावी प्रचारप्रसारमा बालबालिकाको प्रयोग गरिरहेको विषयमा निर्वाचन आयोगको ध्यानाकर्षणसमेत गराए ।

# झापा ५ मा रास्वपाको सम्पर्क कार्यालय तोडफोड

झापा, माघ २२ । झापामा राष्ट्रिय स्वतन्त्र पार्टीको सम्पर्क कार्यालय रहेको घरमा तोडफोड भएको छ । बुधवार राति १२.१५ बजे कमल गाउँपालिका वडा नं .२ बस्ने जयकुमार अधिकारीको दुई तले पक्की घरमा तोडफोड भएको



हो । माथिल्लो तलाको पूर्वतर्फ रास्वपाको सम्पर्क कार्यालय रहेको र दक्षिणतर्फ सो घरका मानिसहरु बसोबास गर्दै आएको कोठामा अपरिचित मानिसले ढुङ्गाले हानी कोठाको झ्यालको सीसा फुटाएका हुन् । ढुंगा प्रहारबाट एउटा झ्यालको सीसा फुटेको छ ।

बिहीवार बिहान ९ बजे प्रहरी चौकी तोपगाछीबाट प्रहरी सहायक निरीक्षक धनकुमार राईको कमाण्डमा टोली खटिएर थप बुझ्ने कार्य भइरहेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यालयभित्र कुनै पनि भौतिक क्षति नभएको जनाइएको छ । यसैबीच रास्वपाका झापा क्षेत्र नं ५ का निर्वाचन परिचालन समिति संयोजक भेषराज भट्टराई र कमल गाउँपालिका समिति सभापति केदार चापागाईंले छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गरी आपराधिक मानसिकता भएका निर्वाचनलाई विथोल्ने तत्वहरुलाई तत्काल खोजी गरी क्षतिपूर्तिसहित कडा कारवाहीको लागि सम्बन्धी सबै सुरक्षा निकायहरुलाई अनुरोध गरेका छन् ।

# आयोगमा कुनै पनि दलले पेस गरेनन् घोषणापत्र

काठमाडौँ । आगामी फागुन २१ मा हुने प्रतिनिधिसभाको निर्वाचन प्रचारप्रसारमा जानुअघि राजनीतिक दल र उम्मेदवारले घोषणापत्र सार्वजनिक गर्नुपर्नेछ । उक्त व्यवस्था निर्वाचन आचारसंहिता, २०८२ मा



उल्लेख गरिएको छ ।

आचारसंहिताको दफा ३७ मा राजनीतिक दल वा उम्मेदवारले निर्वाचन घोषणापत्र सार्वजनिक गरी सोका आधारमा प्रचारप्रसार गर्नुपर्ने व्यवस्था गरिएको छ । व्यवस्थाअनुसार आगामी फागुन ४ गतेदेखि निर्वाचन प्रचारप्रसार हुने कार्यतालिका छ । तर, आजसम्म आयोगमा कुनै पनि राजनीतिक दलले घोषणापत्र पेस नगरेको सहायक प्रवक्ता कुलबहादुर जीसीले जानकारी दिए ।

निर्वाचन घोषणापत्र राजनीतिक दलले आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था आचारसंहितामा छ । राजनीतिक दल वा निर्वाचित उम्मेदवारले निर्वाचन घोषणापत्रमा उल्लेख भएबमोजिमको कार्यप्रगतिको प्रतिवेदन प्रत्येक वर्ष सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्ने व्यवस्था पनि गरिएको प्रवक्ता जीसीले बताए ।

# पोखरेललाई अभिनन्दन, शर्मालाई लेखनवृत्ति

• **लक्ष्मी उप्रेती**

बिर्तामोड, माघ २२ । प्रेस चौतारी नेपाल झापा



शाखाले संगठनका पूर्वअध्यक्ष गणेशप्रसाद पोख्रेललाई अभिनन्दन गरेको छ । संगठनको २८ औं स्थापना दिवस तथा वार्षिक साधारण सभाको अवसर पारेर विहीबार बिर्तामोडमा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका पूर्वअध्यक्षसमेत रहेका संगठनका पूर्वअध्यक्ष पोख्रेललाई नगद २५ हजार रुपैयाँसहित अभिनन्दन पत्र प्रदान गरिएको हो । झापा शाखाले एक कार्यकालमा एक जना पूर्वअध्यक्षलाई अभिनन्दन गर्दै आएको छ । पोखरेल झापाको तेस्रो अध्यक्ष हुन् ।

त्यस्तै रासससकर्मी सन्तोष शर्मालाई संगठनका संस्थापक अध्यक्ष नेत्र पाठकको स्मृतिमा स्थापित नगद पाँच हजार रूपैयाँसहित लेखनवृत्ति पुरस्कार प्रदान गरिएको छ । चौतारी झापाले ६-६ महिनामा लेखनवृत्ति प्रदान गर्दै आएको छ । आर्थिक विषयमा पत्रकार शर्माले लेखेको समाचार छनोट भएपछि उनलाई नगद पाँच हजार रुपैयाँसहित लेखनवृत्ति प्रदान गरिएको जनाइएको छ ।

❖ बाँकी पृष्ठ ४ मा



# बम आतंकका 'आतंककारी' खरेल जेल चलान

झापा, माघ २२ । सार्वजनिक स्थानहरुमा पटक पटक बम बिष्फोट गराएर आतंक फैलाउँदै आएका संजय भनिने खगेन्द्र खरेल जेल चलान भएका छन् । बिष्फोटक पदार्थ कसुर मुद्दामा म्याद थप भई इलाका प्रहरी कार्यालय बिर्तामोडको हिरासतमा रहेका दमक १ बस्ने ४६ वर्षीय खरेललाइ जिल्ला अदालत झापाको बुधवारको आदेशले झुम्का कारागार सुनसरी चलान गरिएको हो । सार्वजनिक स्थानहरुमा पटक पटक बम बिष्फोट गराएर आतंक फैलाउँदै आएका खरेल चौथो पटक पक्राउ परेका थिए ।

गत पुष १९ गते झापाको कन्काई ४ स्थित कन्काई पुल छेउमा प्रेसर कुकर बम राखेर आतंक सिर्जना गर्ने खरेललाई पुष २४ गते प्रहरीले पक्राउ गरेको थियो ।

सनातन सुरक्षा सेना, नेपालका संयोजक संजय भन्ने खरेललाई कन्काई नगरपालिकाको लक्ष्मीपुरमा रहेको साथीको घरमा लुकिछिपि बसिरहेको अवस्थामा बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो । २०७६ सालमा गोर्खा जन्मुक्ति पार्टी, २०७८ सालमा हिमाल सुरक्षा परिषद, २०८२ सालमा सनातन सुरक्षा सेना, नेपाल पार्टीजस्ता संगठनको नाममा आतंक सिर्जना गरी उनले अबैध गतिविधि



गरि शान्ति सुरक्षामा खलल पुऱ्याउने काम गर्दै आएका थिए । उनी झुम्का कारागारबाट फरार कैदी हुन् । जेनजी आन्दोलनका बेला भदौ २४ गते उनी कारागारबाट फरार भएका थिए । यसअघि पनि खरेलले कन्काई पुलमा बम राखेर आतंक फैलाएका थिए । उनले २०७६ बैशाख ३० गते कन्काई नदीको पुलको रोड डिभाइडरमा कालो प्लाष्टिकमा बिष्फोटक पदार्थ राखेका थिए । त्यसको ९ महिनापछि २०७६ माघ ९ गते बिर्तामोड नगरपालिकाको पश्चिम स्टेण्डमा शंकास्पद वस्तु (होक्स) राखी शान्ति सुरक्षामा खलल पुऱ्याएका थिए । त्यस्तै २०७८ माघ १३ गते दमक नगरपालिका ५ स्थित शिवान चर्चमा शंकास्पद वस्तु (होक्स) राखेर अशान्ति मच्चाएका थिए । खरेलले झापामा मात्र नभएर पूर्वका अन्य स्थानहरुमा त्यस किसिमको आतंककारी गतिविधि गरेका थिए । २०७८ चैत १४ गते सुनसरीको इटहरी उपमहानगरपालिका वडा नं.२ स्थित एक घरमा बम बिष्फोट गराएका थिए । इटहरी-२ नवजागृति टोलमा कोठामा बम विस्फोट हुँदा रबिन थापा र शेरजंग गुरुङ घाइते भएका थिए । त्यसबेला बिष्फोटक पदार्थसम्बन्धी कसूरमा पक्राउ परी उनले सजाय पाएका थिए । त्यस बखत उनी हिमाल सुरक्षा परिषद नेपालको अध्यक्ष भई सशस्त्र गतिविधिमा संलग्न रहेका थिए ।

त्यस्तै २०८१ फागुन १३ गते इटहरी उपमहानगरपालिकाअन्तर्गत भोटेपुल र उपमहानगरपालिका अगाडि पान दोकान छेउमा कालो ब्यागभित्र कुकुर बम राखेर उनी फरार भएका थिए । खोजतलासका क्रममा प्रहरीले उनीसहित दुईजनालाई पक्राउ गरेको थियो । बिष्फोटक पदार्थसम्बन्धी कसूरमा उनी झुम्का कारागार चलान भएका थिए ।

# कोशी पाथीभरा इन्डो नेपाल टी-२० च्याम्पियनसीपमा आयोजक र आसाम विजयी

झापा , माघ २२ । झापाको सदरमुकाम भद्रपुरमा बुधबारदेखि शुरु कोशी पाथीभरा इण्डो-नेपाल टी-२० च्याम्पियनसीपअन्तर्गत



बिहीवार भएको दोस्रो खेलमा आयोजक भद्रपुर क्रिकेट क्लव विजयी भएको छ । जीएचसीए काठमाडौंलाई २३ रनले पराजित गर्दै भद्रपुरले महत्वपूर्ण २ अंक जोडेको छ । काठमाडौंको भने यो लगातार दोस्रो हार हो । बुधवार भएको पहिलो खेलमा काठमाडौं भारतको आसामसँग पराजित भएको थियो । अंकविहीन रहेको काठमाडौंको सेमिफाइनल यात्रा कठिन बनेको छ । भद्रपुर क्रिकेट क्लवको आयोजनामा भद्रपुर-८ स्थित मेची बहुमुखी क्याम्पसको क्रिकेट मैदानमा भएको खेलमा भद्रपुरले टस जितेर पहिलो ब्याटिङ रोजेको थियो । भद्रपुरले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १४१ रन बनाएको थियो । जवाफमा काठमाडौंले ९ विकेट क्षतिमा ११८ रन मात्र बनाउन सक्यो ।

भद्रपुरका तर्फबाट ब्याटिङमा समिर कार्कीले सर्वाधिक ३२ रन बनाए भने बलिङतर्फ विपिनकुमार महतोले सर्वाधिक ३ विकेट लिए । काठमाडौंका तर्फबाट ब्याटिङमा क्रिस कार्कीले सर्वाधिक २२ रन बनाए भने चन्द्रकान्त पौडेल र रमेश साहले समान २-२ विकेट लिए । खेलको म्यान अफ द म्याज विजेता टिमका विपिनकुमार महतो भए । उनले ११ हजार नगद पुरस्कार प्राप्त गरे । उनलाई पुरस्कार सौजन्यदाता प्रभा ढकालले पुरस्कार प्रदान गरिन् । यसअघि बिहीवार भएको पहिलो खेलमा भारतको आसामले भारतकै क्रिकेट कोचिङ उपाधय नयाँ दिल्लीलाई १४ रनले पराजित गर्दै लगातार दोस्रो जित निकालेको छ । योसँगै यस प्रतियोगितामा आसामको ४ अंक भएको छ । बुधवार भएको उद्घाटन खेलमा आसामले काठमाडौंलाई पराजित गरेको थियो । टस जितेर पहिलो ब्याटिङ गरेको आसामले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १२६ रनको मध्यम स्कोर बनाएको थियो । जवाफमा नयाँ दिल्ली १९.१ ओभारमा अलआउट हुँदै ११२ रनमा सीमित भयो । आसामका तर्फबाट अरुन सोनारले सर्वाधिक ३४ रन बनाए भने नयाँ दिल्लीका तर्फबाट सबाकरिमले ४ ओभरमा १६ रन खर्चिएर ३ विकेट लिए । यसैगरी, नयाँ दिल्लीका तर्फबाट इर्साद मलिकले सर्वाधिक ३० रन बनाए भने आसामका तर्फबाट अरुन सोनारले ३.१ ओभरमा १३ रन खर्चिएर ४ विकेट लिए । खेलमा सर्वाधिक व्यक्तिगत रन र सर्वाधिक विकेट लिने आसामका अरुन सोनार म्यान अफ म्याच भए । उनले ११ हजार नगद र ट्रफी प्राप्त गरे । उनलाई म्यान अफ द म्याच सौजन्यकर्ता प्रभा ढकालले म्यान अफ द म्याच पुस्कार प्रदान गरिन् ।

बुधवार एक समारोहका बीच कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रतियोगिता उद्घाटन गरेका थिए । शुक्रबार आसाम र भद्रपुरबीच पहिलो तथा काठमाडौं र नयाँ दिल्लीबीच दोस्रो खेल हुने आयोजक भद्रपुर क्रिकेट क्लवका महासचिव वसन्त पोखरेलले जानकारी दिएका छन् ।

# हरिकुमार प्रसाईं स्मृति फुटबलमा सहभागिता बढ्दै

बिर्तामोड,माघ २२ । शिक्षासेवी स्वर्गीय हरिकुमार प्रसाईंको स्मृतिमा संचालन भइरहेको हरिकुमार प्रसाईं स्मृति जिल्ला स्तरीय अन्तरविद्यालय फुटबल प्रतियोगितामा सहभागिता बढ्दै गएको छ । गत वर्ष १६ वटा विद्यालयले भाग लिएको



प्रतियोगितामा यस वर्ष २० वटा विद्यालयले सहभागिता जनाएका छन् । बिर्तामोडस्थित एभरेष्ट स्मार्ट एजुकेशन एकाडेमी र एभरेष्ट स्पोर्ट्स एकाडेमीको आयोजनामा तेस्रो हरिकुमार प्रसाईं स्मृति जिल्ला स्तरीय अन्तरविद्यालय यु-१३ नकआउट फुटबल प्रतियोगिता बिहीवारदेखि शुरु भएको हो ।

विद्यालयका संस्थापक प्रसाईंको स्मृतिमा हरेक बर्ष उक्त प्रतियोगिता हुँदै आएको छ । बिहीवार भएको पहिलो खेलमा इष्ट होराइजन मावि धुलावारी विजयी भएको छ । आयोजक एभरेष्ट स्मार्ट एजुकेशन एकाडेमीलाई १-० को गोल अन्तरले हराउँदै इष्ट होराइजन विजयी भएको हो । इस्ट होराइजनका तर्फबाट जर्सी नं ७ का निक्रिश घिसिङले ४३ औं मिनेटमा सो निर्णायक गोल गरेको आयोजक विद्यालयका प्रिन्सिपल अनुप शर्माले जानकारी दिएका छन् ।

प्रतियोगितामा सुनभागा स्कूल, टावर टेम्पल, गोमेन्द्र, बाल बाटिका, चिल्ड्रेन इन्भारोमेन्ट, मेची , निदि, ग्रिनफिल्ड, ब्रिलियन्ट पिपुल्स, देवकुल, होलीवेल, वेल्स मोडल, कञ्चनजंघा, कञ्चन, सूर्योदय, हरिकुल, बाल्मीकि प्रोभिडेन्स र न्यूटन्स एजुकेशन एकाडेमीले भाग लिएका छन् । प्रतियोगिताको फाइनल माघ २८ गते हुने भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पवित्रा महतारा प्रसाईले प्रतियोगिताको उद्घाटन गरेकी थिइन् । विद्यालयका प्रबन्ध निर्देशक तथा विद्यालय व्यवस्थापन समिति अध्यक्ष आशिष प्रसाईंको अध्यक्षतामा भएको उद्घाटन समारोहमा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रशान्त भण्डारी , बिर्तामोड ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा , प्याब्सन झापाका वरिष्ठ उपाध्यक्ष एचके पाठक , बिर्तामोड नगरपालिकाका शिक्षा शाखा प्रमुख तिलचन भण्डारी , झापा गोल्डकपका वरिष्ठ उपाध्यक्ष गजेन्द्र पौडेल, बालकल्याण माविका संस्थापक राम सिटौलालगायतले शुभकामना मन्तव्य राखेका थिए । प्रबन्ध निर्देशक प्रसाईंले स्वागत मन्तव्य राख्दै आफ्ना स्व. पिता हरिकुमार प्रसाईले शैक्षिक क्षेत्रमा दिएको योगदानको चर्चा गर्दै विद्यालयले गरिरहेका गतिविधिबारे जानकारी दिएका थिए ।

कार्यक्रममा बिर्तामोड ५ का वडाध्यक्ष रोहित प्रसाई , मेची आँखा अस्पताल तथा झापा ११ का अध्यक्ष जलकुमार गुरुङ, न्यूटन्स स्कुलका विद्यालय व्यवस्थापन समितिका कार्यबाहक अध्यक्ष गोपिकृष्ण प्रसाई, विभिन्न विद्यालयका प्रधानाध्यापक , शिक्षक, अभिभावकलगायतको सहभागिता रहेको थियो । उद्घाटन कार्यक्रमको सञ्चालन शिक्षक सावित्रा भट्टराईले गरेकी थिइन् ।

यसैबीच विद्यालय र एभरेष्ट बाल क्लबले दुई जना क्यान्सरपीडित बालकलाई सहयोग गरेका छन् । बाह्रदशी निवासी ३ बर्षीय नुतन राजवंशी र भद्रपुर निवासी ६ बर्षीय आरोन धमलालाई जनही ३५ हजार रुपैयाँका दरले सहयोग प्रदान गरिएको प्रिन्सिपल शर्माले जानकारी दिएका छन् ।

# बिर्तामोडमा दुई तला माथिबाट खसेर कामदार घाइते

झापा, माघ २२ । बिर्तामोडमा दुई तला माथिबाट खसेर एक कामदार घाइते भएका छन् ।

बुधवार राति ११;१५ बजे बिर्तामोड वडा न.५ न्यूटन्स स्कुल छेउ बस्ने सुमित मगरको निर्माणाधीन पक्की घरको दुई तला माथिबाट खसेर कामदार घाइते भएका हुन् । सोही घरमा मार्बलको काम गर्ने कामदार भारत मतिगढा पानिटंकी बस्ने २८ वर्षीय भुतन बर्मा अत्यधिक मादक पदार्थ सेवन गरी अचानक चिप्लिएर भुइँमा लडेका थिए ।उनको ढाड र मुखमा चोट लागेको छ । घाइते बर्माको बीएण्डसी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

पोखरेललाई ...

कार्यक्रमका प्रमुख अतिथि विघटित प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेलगायतले पोखरेललाई अभिनन्दन गर्दै शर्मालाई पुरस्कार प्रदान गरेका थिए । पोख्रेलको अभिनन्दन पत्र प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य सावित्रा दाहाल र शर्माको सम्मान पत्र प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य गोपाल काफ्लेले वाचन गरेका थिए ।

प्रेस चौतारी नेपाल, झापा शाखा अध्यक्ष प्रदिप परियारले कार्यक्रमको अध्यक्षता गर्दै आफ्नो कार्यकालमा भए गरेका कामको सांगठनिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा बोल्दैं प्रमुख अतिथि निवर्तमान सभामुख घिमिरेले गलत सूचनाले मुलुकलाई ध्वस्त बनाउने बताए । घिमिरेले मुलुकलाई गलत सूचनाको शिकार बनाउनु नहुने भन्दैं पत्रकारले सही सूचना दिएर मुलुकलाई ठिक बाटोमा अघि बढाउनुपर्नेमा जोड दिए ।

संगठनका कोषाध्यक्ष सरोज भट्टराईले आर्थिक प्रतिवेदन र उपचार कोषका संयोजक भीमा शिवाकोटीले कोषको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि घिमिरे, अभिनन्दित पोखरेल, प्रेस चौतारी केन्द्रीय सदस्य तथा झापा इञ्चार्ज माधव विद्रोही, नेकपा एमाले झापाका उपाध्यक्ष शिव ढुंगेल, पत्रकार महासंघ कोशी प्रदेश उपाध्यक्ष अम्बिका भण्डारी, प्रेस सेन्टर झापाका अध्यक्ष पुष्प खड्का, नारी सञ्चार गृह झापाका अध्यक्ष स्वस्तिका आचार्यलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

शाखाका सचिव युवराज आचार्यले सञ्चालन गरेको कार्यक्रममा स्वागत उपाध्यक्ष सुनिरा मैनाली र धन्यवाद ज्ञापन प्रेस चौतारीका नेता सुब्रत न्यौपानेले गरेका थिए ।


## संस्थापक शेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनी महानुभावहरुलाई सूचना

सूचना प्रकाशित मिति : २०८२/१०/२३

**यस विकास वैंकका संस्थापक शेयरधनीहरु क्रमशः बजरंग गोयलले आफ्नो नाममा रहेको संस्थापक शेयर २,१७,४०७ (दुई लाख सत्र हजार चार सय सात) कित्ता, संस्थापक शेयरधनी मनोज गोयलले आफ्नो नाममा रहेको संस्थापक शेयर ७,६५५ (सात हजार छ सय पचपन्न) कित्ता, संस्थापक शेयरधनी विनिता चाचानले आफ्नो नाममा रहेको संस्थापक शेयर १,४७९ (एक हजार चार सय उनासी) कित्ता, संस्थापक शेयरधनी रंजना गोयलले आफ्नो नाममा रहेको संस्थापक शेयर १,४७९ (एक हजार चार सय उनासी) कित्ता शेयर प्रति कित्ता रु २००।–(मूल्यमा Negotiation हुनसक्ने) का दरले विक्री गर्ने इच्छा जाहेर गरी निवेदन दिनुभएको र संचालक समितिको वैठकमा पेश हुँदा उक्त संस्थापक शयर खरिद गरि लिन इच्छुक हाल कायम यस विकास वैंकका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनु पर्ने व्यवस्था रहेकाले संस्थापक शेयरधनीहरुको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गर्ने लगायतका आवश्यक प्रकृया अगाडी वढाउने निर्णय भएकाले संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनी महानुभावलाई विकास वैंकको संस्थापक शेयर खरिद गरी लिने इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी यस विकास वैंकको केन्द्रीय कार्यालय विर्तामोड झापामा के कति शेयर कित्ता के कति दरले खरिद गरी लिनु हुने हो सो व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ । संस्थापक शेयर खरिद गरी लिने सम्वन्धमा तोकिएको उक्त म्यादभित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरुको इच्छा जाहेर हुन नआएमा वा सवै शेयर खरिद गरी लिन निवेदन नपरेमा बा'की रहन गएको शेयर कित्ता प्रचलित नियमानुसार अन्य महानुभावलाई विक्री गर्ने सम्वन्धी आवश्यक कारवाही अघि वढाईने व्यहोरा समेत सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।**

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np



## सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं।

- सार्वजनिक निकायले,
- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राखु पर्दछ ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनु पर्दछ ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोवाइल नं. र तस्विर सबैले देखे गरी कार्यालयमा र वेब साइटमा राख्नु पर्दछ ।
- कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ ।
- नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शीता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
(पूर्वाधार विकास शाखा)

### नक्सा पासको लागी संधियारको नाममा जारी गरिएको १५ दिने सुचना

यस गाउँपालिकाको वाड नं. १ बस्ने श्रीबिष्णु माया अधिकारीको नाममा दर्ता कायम रहेको साविकबुधबारे-६हाल बुद्धशान्ति गाउँपालिका को वडा नं. १ स्थित..........टोल............ मार्गमा पर्ने कि. न. ...........३७९२......... ज.वि ....०-०-१६.५.... मा तपशिलमा उल्लेख भए बमोजिमको ........आवासीय भवन........निर्माण गर्न स्वीकृतिको लागी पेश भएकोमा मिति २०८२/१०/१९मा नक्सापासको लागी संधियारको नाममा जारी गरिएको १५ दिने सुचना सम्बन्धित स्थानमा सुचना टाँस गर्न जादा तपशिलमा भएका संधियारहरु नभेटिनु भएको हुँदा जारी मिति बाट १५ दिन भित्र साध, संधियार, बाटो, नदिनाला र सार्वजनिक जग्गालाई असर पर्ने वा नपर्ने सो को उजुरी गर्नका लागी यो सूचना जारि गरिन्छ। समय अवधि भित्र उजुरी नपरे प्रचलित कानुन वमोजिम नक्सा पास भईजाने व्यहोरा अनुरोध छ।

तपशिल

| सि न | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनि संधियार |
|---|---|---|---|
| १ | साविक: बुधबारे-६ | लम्बाई:३६'-०" | पुर्व |
| | हाल: बुद्धशान्ति-१ | चौडाई: ३५'-०" | पश्चिमश्री लोकेन्द्र जबेगु |
| | कि.नं.: ३७९२ | उचाई: २०'-५" | उत्तर |
| | क्षेत्रफल: ०-०-१६.५ | क्षेत्रफल: १४१६.९४ ब.फु. | दक्षिण |

नोटः यो सुचना पत्रिकामा प्रकाशित गरे बापत लाग्ने शुल्क सम्बन्धित घर धनिले नै व्यहोर्नु पर्नेछ ।



## बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
(पूर्वाधार विकास शाखा)

### नक्सा पासको लागी संधियारको नाममा जारी गरिएको १५ दिने सुचना

यस गाउँपालिकाको वाड नं. ३ बस्ने श्री कमल कुमार सेर्पाको नाममा दर्ता कायम रहेको साविक बुधबारे-९ हाल बुद्धशान्ति गाउँपालिका को वडा नं. ३ स्थित..........टोल............मार्गमा पर्ने कि. न. ...........९०३६......... ज.वि ....०-१-०.... मा तपशिलमा उल्लेख भए बमोजिमको ........ आवासीय भवन........निर्माण गर्न स्वीकृतिको लागी पेश भएकोमा मिति २०८२/०६/३०मा नक्सापासको लागी संधियारको नाममा जारी गरिएको १५ दिने सुचना सम्बन्धित स्थानमा सुचना टाँस गर्न जादा तपशिलमा भएका संधियारहरु नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साध, संधियार, बाटो, नदिनाला र सार्वजनिक जग्गालाई असर पर्ने वा नपर्ने सो को उजुरी गर्नका लागी यो सूचना जारि गरिन्छ। समय अवधि भित्र उजुरी नपरे प्रचलित कानुन वमोजिम नक्सा पास भईजाने व्यहोरा अनुरोध छ।

तपशिल

| सि न | जग्गाको विवरण | घरको विवरण | घर जग्गाधनि संधियार |
|---|---|---|---|
| १ | साविक: बुधबारे-९ | लम्बाई:३९'-०" | पुर्व |
| | हाल: बुद्धशान्ति-३ | चौडाई: ३०'-०" | पश्चिमश्री युवराज राई |
| | कि.नं.: ९०३६ | उचाई: १७'-२" | उत्तर |
| | क्षेत्रफल: ०-१-० | क्षेत्रफल: ११७०.०० ब.फु. | दक्षिण |

नोटः यो सुचना पत्रिकामा प्रकाशित गरे बापत लाग्ने शुल्क सम्बन्धित घरधनिले नै व्यहोर्नु पर्नेछ ।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# चुनावी तालमेल घातक

**झापा ५ र ३ मा नेकपा एमाले र राप्रपाले लगातार दुईवटा निर्वाचनमा चुनावी तालमेल गरेर आफ्ना कार्यकर्तालाई झुक्याए । मतदाताहरुको मताधिकारलाई दुरुपयोग गरी एमाले अध्यक्ष केपी ओली र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले आआफ्नो स्वार्थ पूरा गरे । ओली फेरि प्रधानमन्त्री भए भने लिङ्देन उपप्रधानमन्त्री बने । यस पटक पनि दुवै दल र खासगरी ओली र लिङ्देनबीच तालमेल हुने हल्ला थियो । तर, अहिलेसम्म तालमेल भइसकेको छैन र नहोस् पनि ।**

**कुनै पनि पार्टीका नेतृत्वले ती आफ्ना मतदातालाई अर्को दलको चुनाव चिह्नमा भोट खसाउ भन्न कसरी सक्छ ? केही ब्यक्तिगत स्वार्थमा लिप्त भएका, पार्टीको विकास र स्थायित्व नचाहने नेताको कुरा सुनेर चुनावी तालमेल गर्नु घातक सावित हुनेछ । जहिले पनि निर्वाचनमा गठबन्धन वा तालमेल गर्ने हो भने छुट्टै दल खडा गर्नुको औचित्य के त ? केको लागि छुट्टाछुट्टै दल दर्ता गर्ने ? एक्लै स्वतन्त्र रूपमा चुनाबी मैदानमा जाने आँट नगर्ने दलले कति दिन जनतालाई उल्लु बनाउदै अस्थिर राजनीति गर्ने ?**

**सरकार गठबन्धनबाट निर्माण भयो भन्दैमा विचार र सिद्धान्त नमिल्ने दलसँग चुनावी तालमेल गर्‍यो भने भारतको कांग्रेस आईको हालत हुने पक्का छ ।देश विकासको एजेन्डामा सहकार्य र राष्ट्रिय एकतामा मेलमिलाप र तालमेल गर्नु जरुरी छ, तर चुनावी तालमेल किमार्थ आवश्यक छैन । निर्वाचन भनेको त कामको आधारमा जनताको मन जित्ने एक स्वस्थ प्रतिस्पर्धा हो । विगत पाँच वर्षमा विभिन्न दलले गरेको काम र आउँदो पाँच वर्ष अवधिमा गर्न सक्ने विकासका योजनाबद्ध खाका तयार गरी घोषणापत्ररूपी प्रश्नपत्र लिएर उत्तर खोज्न जनतामा जाने माध्यम हो निर्वाचन ।**

**दलको घोषणापत्र भनेको बकपत्र हो । त्यसमा उल्लेख गरिएका कामकुराहरू पूरा भए कि भएनन्, त्यसैको आधारमा जनताले भोट दिने हो । कुन दलले जनताको मन जित्ने र विकासात्मक काम गर्न सफल भए, उम्मेदवार ब्यक्तिगत रूपमा पनि कति लोकप्रिय छ र उसको पक्षमा कति जनसमर्थन छ भनेर जाँच्ने कडी हो निर्वाचन । सधैं अर्काको बुइ चडेर चुनावमा जाँदा आफ्नो दलको स्वतन्त्र अस्तित्व कसरी जोगाउने ? चुनावमा हारजित त प्रजातन्त्रको सुन्दर प्रक्रिया हो । उम्मेदवार विकासप्रेमी र जनप्रिय छन् भने दशौं पटक पनि जित्न सक्छन्, अन्य दलसँग तालमेलको आवश्यकता नै पर्दैन । चुनाव जित्नको लागि अन्य दलसँग तालमेल गरेर मात्र कहाँ हुन्छ र ! आफ्नो दललाई विश्वासका साथ एक ढिक्का बनाएर लैजानु जरुरी छ ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# चुनावी घोषणापत्रमा कृषि



• डा. हरिबहादुर केसी

संवैधानिक व्यवस्था अनुसार प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक संघीय व्यवस्थापिका हुन्छ, जसलाई संघीय संसद् पनि भनिन्छ । यो संघीय संसद् राष्ट्रिय नीति नियम बनाउने सबैभन्दा माथिल्लो थलो हो । यहाँ पुग्ने सांसदहरू मूलतः राज्यका नीतिनियम बनाउने कर्ता हुन् ।

फेरि प्रतिनिध सभाको निर्र्वाचन आएको छ । किसानहरू यो देशको दुई तिहाइ मतदाता हुन् । मुलुकको अर्थतन्त्रको एक चौथाइ योगदान दिने क्षेत्र पनि कृषि हो । किसानकहाँ अहिले उम्मेदवारको लर्को छ । कोही खेतीमा पुगेका छन्, कोही गोठमा पुगेका छन् र पुग्ने पनि छन् । उहाँहरूमा एकछिनको सहयोग वा मिठो वचन मात्र काफी छैन । उहाँहरूमा कम्तीमा पनि राष्ट्रिय उत्पादन बढाई देशलाई कमभन्दा कम आयात गर्ने अवस्थामा कसरी पुर्‍याउने र उत्पादित वस्तु कसरी अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउने भन्ने स्पष्ट दृष्टिकोण हुनु पर्छ । उम्मेदवारलाई भोट दिनुअघि उम्मेदवार र उम्मेदवार बनाउने दलको किसान र कृषिप्रतिको विचार र प्रतिबद्धता के छन् भनी जाँचिनु पर्छ । साथै उम्मेदवारले प्रतिनिधित्व गर्ने दलको नीति र प्रतिबद्धता पनि त्यत्तिकै महत्वपूर्ण हुन्छन् ।

नेपालको कृषि क्षेत्र केही दीर्घ समस्याले लामो समयदेखि ग्रसित छ । ती समस्या दलका विगतका घोषणापत्रमा कि त बेखबर छन् कि तिनलाई ठुलो सैद्धान्तिक जामा लगाएर टारिएका छन् । कृषि क्रान्ति गर्ने भन्यो, वैज्ञानिक भूमिसुधार भन्यो, जसको जोत उसको पोत भन्यो, रासायनिक मल, प्राङ्गारिक रूपान्तरण भन्यो, यस्तै यस्तैमा समय खेर गइरहेको छ । हुन त यी घोषणापत्र सरकारी कार्यक्रम तथा बजेट बनाउँदा खासै महत्व दिए जस्तो पनि लाग्दैन । सरकार अस्थिर हुने, मन्त्री पटक पटक फेरिने र मन्त्रीसँगै सचिवलगायत उच्च नेतृत्वका कर्मचारीको परिवर्तन हुने गरेको छ । साथै नीतिगत अस्थिरताले घोषणापत्रको कार्यान्वयन हुन सकेको छैन । किसानलाई ठुला कुरा होइन, उनीहरूका दैनन्दिन समस्याका समाधानले महत्व राख्छ । कृषि उत्पादन सामग्रीको सहज पहुँच, प्राविधिक सेवा र उचित प्रविधिमा पहुँच, बाली तथा पशुपन्छी बिमा र कृषि कर्जामा पहुँच, उत्पादित वस्तुको उचित मूल्य र बजार व्यवस्था, किसान र कृषि पेसाको सम्मान जस्ता विषय उनीहरूका चासोका विषय हुन् । हामीले बनाउने कृषि व्यवस्थाले किसानका यी चासो सम्बोधन गरेन भने त्यसले केही माने राख्दैन । त्यसैले दलहरूले बनाउने घोषणापत्रमा भोलि ती दलले सरकार बनाउने अवस्था आउँदा लिने नीति कसरी किसानमैत्री बनाउने भन्ने विषय महत्वपूर्ण हुन्छन् । यसका लागि निम्न तरिका अनपनाउ सकिन्छ ।

कृषि क्षेत्रलाई आवधिक योजनालगायत नीतिमा प्राथमिकता भनिए पनि यसको संरक्षण, विकास र प्रवर्धनमा पर्याप्त ध्यान पुगेको छैन । यो क्षेत्र असाध्यै धेरै क्षेत्रसँग जोडिएको र धेरै सरोकारवालाले ध्यान दिनुपर्ने क्षेत्र भएकाले यसलाई सबैको प्राथमिकताको क्षेत्र मान्नुपर्ने हुन्छ । त्यसैले कृषि क्षेत्रलाई खाद्य सुरक्षा, रोजगारी सिर्जना र आर्थिक विकासको रणनीतिक क्षेत्रको रूपमा लिई राष्ट्रिय सुरक्षाको अभिन्न अङ्गको रूपमा विकास गर्नु पर्छ । जग्गा बाँझो हुँदै जाने र खेती गर्ने किसानले पर्याप्त जग्गा पाउन नसक्नु आजको भूमि व्यवस्थापनको चुनौती हो । अन्य देशका भूमि बैङ्क कार्यान्वयनका अनुभव हाम्रा लागि पनि भूमि बैङ्क स्थापना र सञ्चालन गर्न सहयोगी हुने छ । साना र मझौला किसानलाई भूमि बैङ्कमार्फत खेती गर्न चाहे जति जग्गा उपलब्ध गराउने व्यवस्था मिलाउन सके कृषि उत्पादन र व्यवसायीकरणमा उल्लेख्य सुधार गर्न सकिन्छ । अर्कोतिर हाम्रो जग्गाको हदबन्दीको दरलाई पुनर्विचार गर्ने समय पनि भइसकेको छ ।

यसै गरी किसानी पेसालाई कृषि उद्यमका रूपमा सम्मानित पेसाको रूपमा पहिचान दिनुपर्ने आवश्यकता छ । यसका लागि खाद्य अधिकार र खाद्य सम्प्रभुता ऐनको प्रभावकारी कार्यान्वयन गरी किसानको अधिकार सुनिश्चित गर्नु पर्छ । संसारभरको कृषि क्षेत्र सरकारी अनुदान र सहुलियतमा चलेको सन्दर्भमा नेपालमा पनि अनुदान अपरिहार्य नै देखिन्छ । किसानको वर्गीकरण नहुँदा कृषि क्षेत्रमा दिइएको अनुदान, सहुलियत तथा लगानी प्रभावकारी हुन सकेको छैन । किसानको वर्गीकरण गरी यही आधारमा सेवा सुविधा प्रदान गर्ने व्यवस्था हुनु पर्छ । कृषि क्षेत्रमा सरकारी, निजी, सामुदायिक तथा सहकारी क्षेत्रबाट लगानी पर्याप्त नभएको कुरा त जगजाहेर नै छ । गत वर्ष कृषि लगानी दशक घोषणा गरिए पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । कृषि क्षेत्रका लागि तिनै तहका सरकारबाट न्यूनतम प्रतिशत किटान गरी बजेट विनियोजन हुनु पर्छ । त्यसका साथै बाली तथा पशुपन्छी बिमा र सहुलियत कर्जा सुविधा सबै किसानको सहज पहुँचमा पुग्ने गरी व्यवस्थित गर्नु पर्छ । कृषि क्षेत्रबाट युवा टाढा भइरहेको सन्दर्भमा कृषिमा युवाको आकर्षण बढाउन यस क्षेत्रमा यान्त्रिकीकरणको प्रवर्धन र प्राविधिक सेवालाई डिजिटलाइज गर्न पर्छ । युवालाई सुरुवाती पुँजी, कृषि व्यवसाय सञ्चालन तालिम, सहुलियत कर्जा र बजारमा पहुँच विस्तार गरी व्यवसाय विकास र उचित मूल्यको सुनिश्चितता गर्न सकियो भने मात्र युवालाई कृषि क्षेत्रमा आकर्षण गर्न, टिकाउन र भविष्यको कृषि जोगाउन सकिन्छ ।

नीतिगत रूपमा नै जलवायु अनुकूलित र प्रकृतिसम्मत खेती प्रणालीको अवलम्बन गर्ने कृषि व्यवस्था स्थापित गर्नु पर्छ । दिगो कृषि व्यवस्थाका लागि रासायनिक पदार्थमाथिको परनिर्भरता प्रतित्युत्पादक हुने हुँदा यसको प्रयोग क्रमश घटाउँदै लाने र स्वच्छ खाद्य वस्तु उत्पादनलाई प्रोत्साहन गर्नु वाञ्छनीय हुन्छ । सम्भाव्यताका आधारमा कृषि क्षेत्रलाई 'जोनिङ' गरी प्राङ्गारिक कृषि उत्पादन क्षेत्र क्रमशः बढाउँदै लैजाने नीति लिई प्रकृतिसम्मत वा प्राङ्गारिक उत्पादन गर्ने किसानलाई उत्पादन क्षेत्रफलका आधारमा अनुदान उपलब्ध गराउन सकियो भने भविष्यमुखी कृषि व्यवस्था बनाउन सकिन्छ ।

यस्तै नेपालको संविधानले व्यवस्था गरेबमोजिम कृषि क्षेत्रको सेवा प्रवाह मूलतः स्थानीय तहको अधिकार क्षेत्र हो । हाल स्थानीय तहमा यस कार्यका लागि क्षमता पर्याप्त छैन । त्यसैले कृषि सेवा प्रवाहको स्थानीयकरण गर्ने र स्थानीय तहलाई कृषि पूर्वाधार विकास, कृषि प्राविधिक सेवा, कृषि उत्पादन सामग्री, कृषि बिमा, कर्जा र कृषिलगायत सेवा सुविधा प्रवाहका लागि सक्षम बनाउन नितान्त आवश्यक छ । यसका लागि घर घरमा प्राविधिक सेवा पुर्‍याउने गरी जनशक्ति व्यवस्था गर्नु पूर्वसर्त हो । स्थानीय उत्पादनको संरक्षण र प्रवर्धन, स्थानीय बजार विकास र स्थानीय वस्तुको उपभोगमा प्राथमिकतामार्फत स्थानीय कृषिलाई समृद्ध बनाउन सकिन्छ । सिँचाइ, कृषि बजार संरचना, भण्डार गृह, कृषि सडकलगायतका कृषि पूर्वाधारको विकास नभई कृषि क्षेत्रले फड्को मार्न सक्दैन । कम्तीमा पाँच वर्षमा सम्भाव्य सिँचाइयोग्य सबै जग्गामा सिँचाइ सुविधा पुर्‍याउने गरी काम गर्न सक्नु पर्छ । सिञ्चित क्षेत्र भयो भने मात्र बाली सघनता वृद्धि र कृषि व्यवसायीकरण हुन सक्छ ।

कृषि उपजको बजारीकरण र निर्यातमा सहजीकरण गर्नु पर्छ । निर्यातयोग्य कृषि उपजको व्यावसायिक उत्पादनमा प्रोत्साहन गर्न आवश्यक छ । हाम्रा उत्पादन प्रतिस्पर्धी बनाई उचित मूल्य पाउने अवस्था बनाउन कृषि क्षेत्रलाई पर्याप्त संरक्षण जरुरी छ । स्थानीय कृषिवस्तु उत्पादनमैत्री हुने गरी कर र भन्सारका दर निर्धारण हुनु पर्छ । मुख्य मुख्य कृषि वस्तुको न्यूनतम समर्थन मूल्य निर्धारण र सोको प्रभावकारी कार्यान्वयन अर्को आवश्यकता छ । कृषि उत्पादनलाई उद्योगमा जोड्ने प्रभावकारी नीति आवश्यक छ । भूमि बैङ्क वा जग्गा चक्लाबन्दीको माध्यमबाट वा सहकारी खेतीका माध्यमबाट ठुला क्षेत्रफलमा उद्योगका लागि पुग्ने परिमाण उत्पादनका लागि आवश्यक सहजीकरण हुन सके मात्र कृषि औद्योगीकरण सम्भव हुन सक्छ । यसका लागि उपयुक्त नीतिगत व्यवस्था र कार्यक्रमगत प्राथमिकता जरुरी छ ।

माथि उल्लिखित विषयका साथै मल, विषादी, बिउ तथा बिरुवा, कृषि औजार, भ्याक्सिनलगायतका कृषि सामग्री उत्पादन वा आपूर्र्ति व्यवस्थापन, कृषि सामग्री र कृषि उपजको नियमनलगायतका कार्यको व्यवस्थापनमार्फत कृषि क्षेत्रलाई उन्नत बनाउन सकिन्छ । राज्यको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको यो क्षेत्रलाई सबल बनाउन चुनावी घोषणापत्रमा दलहरूको पर्याप्त प्राथमिकता पक्कै पर्ने छ ।

कृषि क्षेत्रको समस्याबारे दलका विगतका घोषणापत्रमा कि त बेखबर छन् कि तिनलाई ठुलो सैद्धान्तिक जामा लगाएर टारिएका छन् । कृषि क्रान्ति गर्ने भन्यो, वैज्ञानिक भूमिसुधार भन्यो, जसको जोत उसको पोत भन्यो, रासायनिक मल, प्राङ्गारिक रूपान्तरण भन्यो, यस्तै यस्तैमा समय खेर गइरहेको छ । गोपबाट

# आम निर्वाचन र जनताको मनोवृत्ति



• किरण कार्की

नेपालको राजनीतिक इतिहासमा आम निर्वाचनहरूको शृङ्खला निकै चाखलाग्दो रहेको छ । प्राकृतिक स्रोतसाधनले सम्पन्न, साथै यहाँको प्राकृतिक सुन्दरता, भौगोलिक, सामाजिक, धार्मिक र सांस्कृतिक विविधतालाई आर्थिक उपार्जनमा जोड्न सके देश कायापलट हुने प्रशस्त सम्भावना हुँदाहुँदै पनि जनता अझै गरिबीको चपेटामा पर्नु विडम्बनापूर्ण यथार्थ हो । यहाँको राजनीतिक, आर्थिक र सामाजिक अवस्थामा परिवर्तन ल्याउन समयक्रमसँगै थुप्रै आन्दोलनहरू भए । अत्याचारी र निरंकुश शासकहरू हटाइए, जनप्रतिनिधिहरू छानिए तापनि देश अझै अन्योलको भुमरीभित्र रहेको छ । आफूले चुनेका जनप्रतिनिधिहरू लामो समयसम्म शासक बनेर भ्रष्टाचार, नातावाद र कृपावादमै व्यस्त रहँदा जनताको मनोबल कमजोर बनेको अवस्थामा जेन जी पुस्ताले गरेको विद्रोहले नेपालको राजनीतिक इतिहासमा ठुलो तहल्का मच्चाएको छ । हाल चुनावी सरगर्मी पनि बढेर गएको छ भने त्यसपछि बन्ने सरकारले देशलाई समृद्धिको बाटोमा डोर्‍याउने आशा राख्दै आफ्नो भविष्यको बाटो तय गर्न जनता आतुर देखिएका छन् ।

नेपालमा राजनीतिक दलहरूको उदय र विकास मुख्यतया प्रजातन्त्र, निरंकुशता र गणतन्त्रसँग जोडिएको छ । करिब १०४ वर्ष लामो जहानियाँ राणा शासन (वि.सं. १९०३-२००७) कालमा राजनीतिक दलहरू खोल्न पूर्ण प्रतिबन्ध लगाइएको थियो । जनताहरू आफ्ना मौलिक हक र अधिकारबाट वञ्चित भएकोले उनीहरूभित्रको प्रजातान्त्रिक चाहना गुप्तमै राखेर विद्रोहको लागि उपयुक्त समय पर्खेर बसिरहेका थिए । संगठन निर्माण र विद्रोहको लागि मानिसहरूले धेरै प्रयास गरे तापनि उनीहरू असफल भएका थिए । अन्ततः राणाहरूको अत्याचारको विरोध गर्न र प्रजातन्त्र स्थापना गर्न भनी टंकप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठ मिलेर वि.सं. १९९३ सालमा 'नेपाल प्रजा परिषद्' गठन गरेका थिए । यो नेपालकै पहिलो संगठित राजनीतिक दल थियो ।

त्यसैगरी वि.सं. २००३ सालदेखि विभिन्न नामबाट सुरु भएको पार्टी बीपी कोइराला, गणेशमान सिंहजस्ता नेताहरूको नेतृत्वमा वि.सं. २००६ सालमा नेपाली कांग्रेस नामाकरण गरियो भने सोही साल पुष्पलाल श्रेष्ठको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरियो । त्यसपछि पार्टीहरूले आफ्ना राजनीतिक तथा प्रजातान्त्रिक गतिविधिहरू भित्रभित्रै बढाइरहेका थिए र मानिसहरूलाई संगठित पार्दै गए । राणा शासकहरू अत्याचारी थिए र उनीहरू विलासिताको जीवन बिताउन तथा आफ्नै स्वार्थ पूरा गर्नमा व्यस्त रहेकाले जनतामाझ अलोकप्रिय बन्दै गए । राणा प्रधानमन्त्री मोहन शमशेरले राजा त्रिभुवनलाई नाममात्रको शासक बनाएका थिए । त्यसकारण राजा त्रिभुवनको राणाहरूसँग दूरी बढ्दै गएको थियो ।

नेपाली जनताले राणाहरूको विरुद्धमा गरेको आन्दोलनलाई राजा त्रिभुवनले समर्थन गरेर निर्णायक भूमिका खेलेका थिए । यसलाई नेपाली इतिहासमा राजाको ऐतिहासिक कदम मान्नुपर्दछ । जनताहरू राणा सरकारको विरुद्धमा जुरमुराउँदै आफ्नो ज्यानको बाजी ठोकेर सडकमा आएको बेलामा राजा आफ्नो परिवारसहित दिल्ली पुगेर नेपाली कांग्रेस र प्रजातान्त्रिक पक्षधर शक्तिहरूलाई समर्थन गर्नाले राणाहरू नैतिक दबाबमा परेका थिए । यसले आन्दोलनलाई अन्तर्राष्ट्रिय मान्यता र बल दिएको थियो । वि.सं. २००७ सालमा प्रजातन्त्रको लागि क्रान्ति भयो । क्रान्ति सफल पनि भयो । धेरैले शहादत प्राप्त गरे । यस क्रान्तिले राणा शासनको अन्त्य गरी प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको स्थापना गर्‍यो । नेपालमा पहिलो आम निर्वाचन वि.सं. २०१५ सालमा भएको थियो । यो चुनाव राजा महेन्द्रको शासनकालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाअनुसारै गरिएको थियो । यस निर्वाचनमा नेपाली कांग्रेसले बहुमत ल्याएको थियो । बीपी कोइराला पहिलो निर्वाचित प्रधानमन्त्री बने । देशमा बहुदलीय प्रजातन्त्रको प्राप्तिसँगै राजनीतिक गतिविधिहरू पनि तीव्र गतिमा अघि बढ्दै गए ।

एकातिर सरकारले जनताको मन जित्न र देशलाई विकासको अग्रगतिमा डोर्‍याउन सकेन । उनीहरू आफ्नै स्वार्थ पूरा गर्न व्यस्त रहनुका साथै जनताको जीवनस्तरमा परिवर्तन ल्याउने कुनै छाँटकाँट देखाएनन् भने अर्कोतिर राजा महेन्द्रमा सत्ता महत्वाकांक्षा बढ्दै गएकाले यसै कुराको मौका छोपी वि.सं. २०१७ सालमा राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्थाको सुरुवात गरे । यस काण्डपछि सबै दलहरू भूमिगत भए । यसरी झन्डै ३० वर्षसम्म निरंकुश पञ्चायती व्यवस्था कायम रह्यो । नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी र अन्य थुप्रै साना पार्टीहरूले भित्रभित्रै जनतालाई आफ्ना अधिकारबारे सुसूचित गर्दै र संगठित गर्दै आफ्नो संगठन विस्तार गर्ने काम निरन्तर अगाडि बढाइरहेका थिए ।

पञ्चायती सरकारले जनताका अभिव्यक्ति स्वतन्त्रता सीमित गर्न थालेको, पाठ्यक्रम र परीक्षा प्रणाली अव्यवस्थित हुँदै गएको, विद्यार्थी युनियनहरू बन्द गरिएकोले विद्यार्थीहरूलाई प्रत्यक्ष असर परेकाले वि.सं. २०३६ सालमा विद्यार्थी आन्दोलन भयो । विद्यार्थीहरूको दबाबका कारण राजा वीरेन्द्र शाहले जनताले बहुदल वा निर्दलीय के व्यवस्था चाहन्छन् भनी जनमतसंग्रह पनि गराए तर पञ्चायतको पक्षमा नै बहुमत आयो । यसको दश वर्षपछि फेरि वि.सं. २०४६ सालमा जनआन्दोलन भयो । यस जनआन्दोलनले ३० वर्ष लामो पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातन्त्रको पुनर्बहाली गरिदियो ।

त्यसपछि मात्र राजनीतिक दल खोल्न, गतिविधि गर्न र चुनावमा भाग लिन पाउने अधिकार प्राप्त भएको हो । एकातिर वि.सं. २०४७ सालमा नयाँ संविधान जारी गरियो, जसले वाक् स्वतन्त्रता, मौलिक हक, प्रेस स्वतन्त्रता, संगठनको अधिकार, साथै नागरिकको मानव अधिकारको विस्तार गरिदियो । अब प्रमुख राजनीतिक दलहरूमा नेकपा माओवादी केन्द्र, नेकपा एमाले, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी लगायत अन्य थुप्रै पार्टीहरूको उदय भयो । त्यसपछि वि.सं. २०४८ सालमा दोस्रो आम निर्वाचन भयो । यस निर्वाचनमा नेपाली कांग्रेसले बहुमत ल्यायो र गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । त्यसपछि वि.सं. २०५१ सालमा आम निर्वाचन भयो । यो मध्यावधि निर्वाचन थियो । नेकपा (एमाले) सबैभन्दा ठुलो दल बन्यो । मनमोहन अधिकारी प्रधानमन्त्री बने ।

यसै समयमा नेकपा माओवादीले जनताका सामाजिक, आर्थिक तथा राजनीतिक अधिकारहरू स्थापित गराउन भनी वि.सं. २०५२ साल फागुन १ गतेदेखि ४० सूत्रीय मागसहित जनयुद्ध घोषणा गरेर भूमिगत युद्ध लड्न सुरु गर्‍यो । यसले राज्यको अर्थतन्त्र, उद्योगधन्दा र मानिसहरूको जनजीवनलाई अस्तव्यस्त पारिदियो । फेरि वि.सं. २०५६ सालमा आम निर्वाचन भयो । यसपटक नेपाली कांग्रेसले बहुमत ल्याउन सफल भयो र कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बने । एकातिर पार्टीहरू र जनताले आफ्ना संवैधानिक तथा राजनीतिक अधिकारहरू खोज्दा राजतन्त्रका अधिकारहरू कटौती हुने तथा अर्कोतिर राजा वीरेन्द्र पनि जनचाहनाअनुसार राजतन्त्रले समयअनुकूल जनताको मन जित्न सक्नुपर्छ भन्ने सोच राखेका हुनाले परिवार र दरबारभित्रका मानिसहरू राजाप्रति असन्तुष्ट बनेका थिए । यसले गर्दा राजदरबारभित्र शक्ति, उत्तराधिकार र सम्बन्धका कुराहरूमा खटपट हुन थालेको थियो ।

फलस्वरूप वि.सं. २०५८ साल जेठ १९ गते दरबार हत्याकाण्ड घट्यो । राजा वीरेन्द्र शाह र उहाँका परिवारका सदस्यहरूको हत्या भयो । त्यसपछि राजा ज्ञानेन्द्र शाहको हातमा सत्ता आयो । राजा ज्ञानेन्द्र शाहले पनि पार्टी र जनचाहनाअनुसार राज्य सञ्चालन गर्न चाहेनन् मात्र होइन, आफैंले सत्ता हत्याउने दाउपेच गर्न थाले । उनले प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा वि.सं. २०५९ जेठ ८ गते संसद विघटन गरी प्रत्यक्ष शासन गर्न सुरु गरे । राजा र राजनीतिक पार्टीहरूबीच शक्ति र सत्ताको खिचातानी झनै बढ्दै गइरहेको थियो भने त्यस समयमा माओवादीहरूले पनि आन्दोलनलाई उत्कर्षमा पुर्‍याएका थिए । त्यसपछि प्रजातान्त्रिक तथा वामपन्थी सबै दलहरू एक ठाउँमा आएर गठबन्धन गरी राजतन्त्रको विरुद्धमा लड्ने निर्णय गरे । फलस्वरूप वि.सं. २०६२ चैत्रदेखि २०६३ वैशाखसम्म निरंकुश राजतन्त्रको अन्त्य गर्न निर्णायक आन्दोलन भयो । अन्ततः यस जनआन्दोलनले करिब २४० वर्ष लामो इतिहास बोकेको राजतन्त्रको अन्त्य गरी बहुदलीय लोकतान्त्रिक प्रजातन्त्रको पुनर्बहाली गरिदियो ।

वि.सं. २०६३ मंसिर ७ गते अन्तरिम संविधान जारी गरियो र वि.सं. २०६४ चैत्र २८ गते पहिलो संविधान सभा निर्वाचन भयो । यस चुनावमा नेकपा माओवादी पहिलो पटक राजनीतिको मूलधारमा आयो र बहुमत ल्याएर सबैभन्दा ठुलो दल पनि बन्यो । वि.सं. २०६५ साल जेठ १५ गते औपचारिक रूपमा राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भयो । पहिलो संविधान सभा (वि.सं. २०६४-२०६७) ले गणतन्त्रको घोषणा त गर्‍यो तर कतिपय राष्ट्रियता र समावेशीका कुराहरूमा सहमति जुटाउन नसकेकाले संविधान निर्माण गर्न असफल भयो । यसर्थ, वि.सं. २०७० सालमा दोस्रो संविधान सभाको पुनःनिर्वाचन भयो र नेपाली कांग्रेस सबैभन्दा ठुलो दल बन्यो । यस पटक भने पहिलो संविधान सभामा विवादित रहेका विषयहरूमा सहमति जुटाइयो र संविधान निर्माण कार्य सम्पन्न गरी वि.सं. २०७२ साल असार ३ गते नयाँ संविधान जारी गरियो । यस प्रकारको महत्वपूर्ण कार्यले नेपाली जनतामा खुसी ल्याउनु स्वाभाविकै थियो । नयाँ संविधानअनुसार संघीय संरचनामा वि.सं. २०७४ सालमा संघीय संसदको आम निर्वाचन भयो ।

यस निर्वाचनमा नेकपा एमाले-माओवादी गठबन्धनले बहुमत प्राप्त गर्‍यो । केपी शर्मा ओली प्रधानमन्त्री बने । संघीय संसदको दोस्रो निर्वाचन वि.सं. २०७९ सालमा भयो तर निर्वाचनमा कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन सकेनन् । त्यसैले विभिन्न दलहरूको गठबन्धनबाट सरकार बन्यो । यसपटक पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बने । नेपालको इतिहासको विभिन्न कालखण्डमा धेरै पटक जनआन्दोलनहरू भए तर जनताका चाहनाहरू परिवर्तनको गर्भभित्रै खुम्चिएर रहे । नेपाली जनता आफ्ना हक, अधिकार र देश विकासका लागि शासकहरूसँगको

❖ बाँकी तेस्रो पृष्ठमा

# क्यानडामाथि नेपाल ६ विकेटले विजयी

काठमाडौँ । आइसिसी टी-२० विश्वकप अगाडिको अन्तिम अभ्यास खेलमा नेपालले क्यानडालाई ६ विकेटले हराएको छ। जितका लागि क्यानडाले दिएको एक सय ६२ रनको चुनैतीपूर्ण लक्ष्य नेपालले १८ ओभरमा चार विकेटको क्षतिमा पूरा गरेको हो । नेपालले १२ बल बाँकी हुँदा लक्ष्य भेट्टाएको हो ।

चेन्नईस्थित एमए चिदाबरम मैदानमा टस जितेर पहिले ब्याटिङ रोजेको क्यानडाले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा एक सय ६१ रन बनाएको थियो ।

क्यानडाका लागि नवनित ढलिवालले ४१ रन बनाए । यस्तै श्रीयस मोभाले अविजित ३८, कानवार्पल टाथगुरले २५, जसकरण सिंहले २१ र निकोलश किर्तनले १० रन बनाए ।

बलिङमा नेपालका सन्दीप लामिछाने र कुशल भुर्तेलले दुई-दुई तथा सोमपाल कामी र नन्दन यादवले एक-एक विकेट लिए।

१६२ रनको लक्ष्य पछ्याएको नेपालका लागि आशिफ शेखले अर्धशतक बनाए । २९ बलको सामना गर्दा ६ चौका र तीन छक्काको मद्दतमा उनले ५८ रन बनाएका हुन् । सन्दीप जोराले ४४ रन जोडे भने गुल्सन झाले नटआउट ३१ रन बनाए ।



ओपनर कुशल मल्ल १२ रनमा आउट भएको खेलमा शेख रिटायर्ड हट भएपछि क्रिजमा गुल्सन झा पुगेका थिए ।कप्तान दीपेन्द्रसिंह ऐरीले नटआउट ९ रन बनाएको खेलमा लोकेश बमले पाँच रन थपे ।

यसअघि मङ्गलबार नेपालले पहिलो अभ्यास खेल सोही मैदानमा संयुक्त अरब इमिरेट्स (युएई) माथि सात विकेटले जित निकालेको थियो ।

नेपालले यसअघि विश्वकपको तयारी स्वरुप भारतको मुम्बईमा एमसिए प्रेसिडेन्ट-११ सँग दुई वटा अभ्यास खेल खेलेको थियो । त्यसअघि नेपालले श्रीलङ्कामा श्रीलङ्का 'ए' टोलीसँग अभ्यास खेल खेलेर भारत गएको हो ।

नेपालले लगातार दोस्रो र समग्रमा तेस्रो पटक टी-२० विश्वकप खेल्दैछ । पहिलो पटक सन् २०१४ मा विश्वकप खेलेको नेपालले सन् २०२४ को अघिल्लो संस्करण पनि खेलेको थियो ।

भारत र श्रीलङ्कामा आगामी फेब्रुअरी ७ देखि मार्च ८ तारिखसम्म आयोजना हुने आइसिसी टी-२० विश्वकपमा २० देशबिच प्रतिस्पर्धा हुँदैछ । सहभागी देश (टोली) लाई चार समूहमा विभाजन गरिएको छ।

जसमा नेपाल समूह 'सी' मा परेको छ । यस समूहमा नेपालसहित दुई पटकको विजेता वेस्ट इन्डिज, एक पटकको विजेता इङ्ल्यान्ड, स्कटल्यान्ड र इटाली रहेको छ । नेपालले फेब्रुअरी ८ तारिख इङ्ल्यान्डसँग खेल्दै विश्वकप यात्रा सुरु गर्ने छ । नेपालले समूह चरणका सबै खेल मुम्बईमा खेल्नेछ ।

यस्तै समूह 'ए' मा चर्चित प्रतिद्वन्द्वी भारत र पाकिस्तानसहित अमेरिका, नेदरल्यान्ड्स र नामिबिया रहेको छ । पाकिस्तान सरकारले समूह चरणमा भारतसँग नखेल्ने घोषणा गरेको छ ।आइसिसीले यस विषयमा पाकिस्तानलाई सहमतिमा समाधान खोज्न आग्रह गरिरहेको छ । पाकिस्तान खेलेन भने उक्त खेलमा भारतले स्वत दुई अङ्क पाउनेछ ।

यस्तै 'बी' मा अस्ट्रेलिया, श्रीलङ्का, जिम्बावे, आयरल्यान्ड र ओमान छ भने समूह 'डी' मा दक्षिण अफ्रिका, न्युजिल्यान्ड, अफगानिस्तान, क्यानडा र युएई रहेको छ ।

समूहका शीर्ष दुई टोली सुपर आठमा पुग्ने छन् । सुपर आठलाई पनि दुई समूहमा विभाजन गरिने छ । त्यसपछि समूहको शीर्ष दुई टोली सेमिफाइनमा पुग्ने छन् । सेमिफाइनल विजेताबिच उपाधिका लागि प्रतिस्पर्धा हुने छ ।

# निर्वाचनअघि सुरक्षाकर्मीलाई राजीनामा दिन र बिदामा बस्न रोक

काठमाडौँ । प्रतिनिधिसभा सदस्य निर्वाचनअघि चारवटै सुरक्षा निकायले मातहतका कर्मचारीलाई राजीनामा दिन र बिदा बस्न रोक लगाएका छन् ।

२१ फागुनका लागि तय भएको निर्वाचन सुरक्षामा खटिनुपर्ने भएपछि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागले आन्तरिक परिपत्र गर्दै राजीनामा र घरबिदामा बस्न रोक लगाएका हुन् ।

सशस्त्र प्रहरीले विज्ञप्तिमार्फत नै निर्वाचन सम्पन्न नभएसम्मलाई राजीनामा, घरबिदा, रमाना र सरुवा स्थगित गरिएको जनाएको छ । नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतले फौजलाई निर्वाचनमा केन्द्रित गरिसकिएको बताए । उनले निर्वाचनमा खटिइसकेका कारण राजीनामा वा बिदाको सुविधा नरहेको बताए । 'सेना निर्वाचन सुरक्षामा खटिइसकेको छ, मतदान सम्पन्न नभएसम्मलाई नियमित अवस्थामा जस्तो बिदा वा राजीनामा भन्ने नै हुँदैन्,' उनले भने । सेना बुधबारबाट निर्वाचन सुरक्षामा तैनाथ भइसकेको छ । नेपाल प्रहरीका प्रवक्ता डीआइजी अविनारायण काफ्लेले चुनाव सम्पन्न नभएसम्मलाई राजीनामा र बिदामा बस्न देशभरका प्रहरीलाई रोक लगाइएको बताए । 'निर्वाचन सुरक्षामा प्रहरी केन्द्रित भएर फिल्डमा निस्कने तयारीमा छ, अहिले निर्वाचन केन्द्रित जनशक्ति निर्वाचन सुरक्षा र अनुशिक्षण तालिममा छन्, निर्वाचन सम्पन्न नभएसम्मलाई राजीनामा र घरबिदा सुविधा लिनलाई रोक लगाइएको छ,' प्रवक्ता काफ्लेले भने, झकिरिया बिदा र सुत्केरी बिदा र अत्यावश्यक र भैपरी आउने परिस्थितिको हकमा त्यहीअनुसार व्यवस्थापन गरिन्छ ।'

निर्वाचन सुरक्षाका लागि सवा तीन लाखभन्दा बढी सुरक्षाकर्मी परिचालन हुँदैछन् । त्यसमध्ये सेनाले बुधबारबाट जनशक्तिलाई फिल्डमा खटाउन सुरु गरेको छ । निर्वाचनमा करिब ८० हजार सेना, करिब ७१ हजार प्रहरी, करिब ३५ हजार सशस्त्र, करिब दुई हजार राष्ट्रिय अनुसन्धान विभागका जनशक्ति खटाउने गरी निर्वाचन एकीकृत सुरक्षा कार्ययोजना बनेको छ ।

कार्ययोजनाअनुसार ४० दिन कार्यअवधि तोकेर एक लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी भर्ना भएर नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट आधारभूत सुरक्षा/अनुशिक्षण तालिम लिइरहेका छन् । अर्को साताबाट निर्वाचन प्रहरी पनि फिल्डमा खटिनेछन् ।

निर्वाचन आयोगले पनि आसन्न निर्वाचनलाई लक्षित गरेर कर्मचारी सरुवा/बढुवा, नियुक्ति र मतदातालाई प्रभावित पार्ने सबै किसिमका निर्णय नगर्न र अत्यावश्यक भएमा आयोगको स्वीकृतिमा मात्रै गर्न सरकारलाई निर्देशन दिइसकेको छ । २१ फागुनमा समानपातिकतर्फ ११० र प्रत्यक्ष तर्फ १६५ सिटमा एकै चरणमा निर्वाचन हुँदैछ ।

# मतपत्र छपाइ कार्य तीव्र, ७२ लाख बढी मतपत्र तयार

काठमाडौँ । आगामी प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ का लागि मतपत्र छपाइको काम तीव्र गतिमा भइरहेको छ । भक्तपुरको सानोठिमीस्थित जनक शिक्षा सामग्री केन्द्रमा दुवै निर्वाचन प्रणालीका लागि मतपत्र छपाइ कार्य जारी रहेको निर्वाचन आयोगले जनाएको छ । बिहीवार नै प्रधानमन्त्री सुशीला कार्कीले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ का लागि मतपत्र छपाइको प्रगतिबारे जानकारी लिएकी छन्।

प्रधानमन्त्री कार्कीले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको छापाखानामा अवलोकन निरीक्षण गरी मतपत्र छपाइबारे जानकारी लिएकी हुन् ।

गृहमन्त्री ओमप्रकाश अर्याल, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिलकुमार सिन्हा, प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधर, निर्वाचन आयुक्त सगुनसमशेर जबर ासहित निर्वाचन आयोगका पदाधिकारी पनि साथमा थिए ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आचारसंहिता उल्लङ्घनका उजुरीहरुमाथि आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको बताएका छन् ।



बिहीवार मतपत्र छपाइस्थल जनक शिक्षा सामग्री केन्द्रको प्रेसमा अनुगमनपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी यस्तो बताएका हुन् ।

उनले केही उम्मेदवारविरुद्ध आचारसंहिता उल्लङ्घनको उजुरी आयोगमा परेको उल्लेख गर्दै उजुरीउपर आवश्यक अनुसन्धान गर्ने कार्य भइरहेको बताए । उम्मेदवारहरुले स्पष्टिकरण बुझाउने कार्य जारी रहेको भन्दै प्राप्त उजुरीको अध्ययनपछि आयोगले आवश्यक निर्णय लिने जानकारी दिए ।

उनले भने, "आचारसंहिता हामीले कडाईका साथ लागु गरेका छौँ । त्यसको पालना भयो कि भएन भनेर हामी अनुगमन पनि गरिरहेका छौँ । केही उम्मेदवारहरुविरुद्ध उजुरी पनि आएको छ । हामीले उहाँहरुलाई स्पष्टिकरण समेत सोधेका छौँ । केहीले स्पष्टिकरण पठाउनुभएको छ । र केही आउने क्रममा छन् । स्पष्टिकरण आइसकेपछि त्यसको अध्ययनको आधारमा आवश्यक निर्णय गर्छौं । निर्वाचनको तयारी तिव्र गतिमा भइरहेको छ । सञ्चारमाध्यमहरुले समेत पक्ष र विपक्षभन्दा पनि निष्पक्ष सामग्रि बनाइदिन आग्रह गर्न चाहान्छु । तोकिएको मिति र समयमै निर्वाचन हुन्छ ।'

आयोगका अनुसार, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणालीका लागि पुस २२ गतेदेखि सुरु भएको नमुना मतपत्र छपाइ सम्पन्न भइसकेको छ । १० लाख ९८ हजार २०० थान नमुना मतपत्र छपाइ गरी विभिन्न जिल्लामा पठाइसकिएको छ ।

त्यस्तै, समानुपातिक निर्वाचन प्रणालीतर्फका लागि आवश्यक पर्ने दुई करोड आठ लाख ३० हजार थान मतपत्रको छपाइ माघ १३ गते नै सम्पन्न भएको छ । ती मतपत्रहरूको रुजु र प्याकिङ कार्य सकिएर हाल ढुवानीका लागि तयारी अवस्थामा राखिएको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ आवश्यक पर्ने दुई करोड तीन लाख २३ हजार मतपत्रमध्ये माघ २२ गते बिहान ८ बजेसम्म ७२ लाख ६० हजार थान छपाइ भइसकेको छ । हालसम्म ५ हजार ८२५ बाकस मतपत्र प्याकिङ भइसकेको आयोगको विवरणमा उल्लेख छ ।

हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम पश्चिम, सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा र सुनसरी गरी २५ जिल्लाको मतपत्र छपाइ तथा प्याकिङको काम सकिएको छ । माघ २२ गते बिहानसम्म कुल ६० निर्वाचन क्षेत्रको मतपत्र छपाइ कार्य सम्पन्न भइसकेको छ ।

## आम...

संघर्षमा खरो उत्रिए, धेरैले आफ्नो ज्यानको आहुति दिए । सत्ता पल्टाए तर उनीहरूको जीवनस्तरमा कहिल्यै सुधार आउन सकेन । नेताहरूले यस कुरामा ध्यान पुऱ्याउन नसक्नु विडम्बनाको कुरा थियो । उनीहरूले सोझासाझा र गरिब जनताबाट भरपुर फाइदा उठाएर देश विकासभन्दा पनि आफ्नो स्वार्थ पूरा गर्नमै तल्लीन रहे । बरु राजनीतिक खिचातानी, चरम भ्रष्टाचार, नातावाद, कृपावाद बढ्दै जान थाल्यो । कुनै पनि व्यवस्था स्वयं नराम्रो हुँदैन जब नेताहरू इमानदार हुन्छन् । यसर्थ, देश बर्बादीको भुमरीमा पुग्नुमा सबैभन्दा प्रमुख कारक तत्व भनेको राजनीतिक नेतृत्वको लापरबाही, दलगत स्वार्थ र भ्रष्टाचार नै हो । देशमा ठुला-ठुला भ्रष्टाचारका काण्डहरू भए । यी काण्डहरूको छानबिन गर्न आयोग पनि गठन गरियो । रिपोर्ट पनि तयार पारिए । दोषी पत्ता लगाइयो । तर ती सबै कुरा लुकाएर राखियो । दोषीलाई उन्मुक्ति दिइयो । जसले भ्रष्टाचार गरेका थिए उनीहरूलाई नै झन् पुरस्कृत गर्न थालियो ।

देशमा अप्रिय र त्रासदीपूर्ण हत्या र बलात्कारका घटनाहरू बढ्दै गए । सरकारले आर्थिक उदारीकरणको नाममा विभिन्न समयमा स्थापना गरिएका स्वदेशी उद्योगधन्दालाई प्रोत्साहन र प्रवर्द्धन गर्नुको साटो निजीकरणमा लग्यो । त्यस्तै उद्योगहरूमा ट्रेड युनियनको प्रभाव, लोडसेडिङ र तालाबन्दीले गर्दा काम गर्ने वातावरण हराउँदै जान थाल्यो । उदारीकरणको नाममा उद्योगहरूलाई धरासायी बनाई विदेशबाट आयात गर्ने नीति सरकारले लियो । यसले गर्दा स्वदेशी उद्योगहरूलाई विदेशी उद्योगहरूसँग प्रतिस्पर्धा गर्न निकै कठिन हुने वातावरण सिर्जना हुँदै गयो । स्थापना गरिएका उद्योगधन्दालाई कवाडीको मूल्यमा ठुलो कमिसन लिएर बेच्न थालियो । कतिपय उद्योगहरू बन्द हुँदै जान थाले र रोजगारीका अवसरहरू पनि गुम्दै गए । देशमा बेरोजगारीको संख्या दिनप्रतिदिन बढ्दै जान थाल्यो ।

युवाहरूलाई रोजगारीका लागि विदेश जान बाध्य बनाइयो । कतिपय युवाहरू आफ्नो परिवार पाल्नका लागि चर्को शोषण, थोरै तलबमा खाडी मुलुकमा गएर काम गर्न बाध्य भए भने धेरै सक्षम युवाहरू देश छोडेर युरोप, अमेरिका, अस्ट्रेलिया, यूके आदि देशमा पीआर तथा नागरिकता लिएर बस्न थाले । यहाँको अन्योलपूर्ण, अस्थिर र असुरक्षित वातावरणले गर्दा उनीहरू देशमा फर्कन मन पराउँदैनन् । देश दिनप्रतिदिन गरिबीको खाडलतिर धकेलिँदै असफल राष्ट्रको बाटोतिर जान थालेको छ ।

जनताको भावना, इच्छा तथा आकांक्षाअनुसार राज्य सञ्चालन गरी देश विकासोन्मुख हुनुपर्नेमा भ्रष्टाचार, नातावाद, कृपावाद बढ्दै जानु र जनताका मौलिक हक अधिकारमाथि प्रतिबन्ध लगाउनेतर्फ राज्य जान थाल्नु अवश्य पनि राम्रो संकेत थिएन । अहिलेका युवा पुस्ताले आफ्नो परिवार, साथीभाइहरूसँगको मित्रता, साथै रोजगारका अवसर समेतमा पहुँच राख्ने सामाजिक सञ्जाल उनीहरूका लागि मुटुको धुकधुकी नै बनेको समयमा यस्ता सामाजिक सञ्जालमाथि सरकारले प्रतिबन्ध लगाउनु सरकारको ठुलो कमजोरी थियो । फलस्वरूप, युवाहरू आक्रोशित भए र यसको विरुद्धमा आवाज उठाए । जेनजीहरूको शान्तिपूर्ण आन्दोलन (वि.सं. २०८२ भदौ २३) लाई दबाउन सरकारले निर्मम तरिकाले गोली चलायो । १९ जना विद्यार्थीहरूसहित ७६ जनाले शहादत प्राप्त गरे । भोलिपल्ट वि.सं. भदौ २४ गते यस घटनाको विरोधमा सम्पूर्ण जनता सडकमा निस्कन बाध्य भए र सरकारको विरोध गरे । यस दिनको आक्रोशित र अनियन्त्रित भिडले संसद् भवन, सिंहदरबार, प्रमुख न्यायिक संरचनाहरू, देशभरिका विभिन्न सरकारी कार्यालयहरू तथा राजनीतिक नेताहरूको आवासमा समेत आगो लगायो र ध्वस्त बनायो । देशमा ठुलो धनजनको क्षति भयो । यो दिन नेपालको प्रजातान्त्रिक इतिहासकै कालो दिन बन्न पुग्यो । यस घटनाले गर्दा प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा मात्र दिएननु, सेनाले हेलिकप्टरबाट उद्धार गरेर गोप्य ठाउँमा लुकाउनुपऱ्यो । मन्त्रीहरूले राजीनामा दिए । कतिपय राजनीतिक दलका नेताहरू निर्घात कुटिए र घाइते बने । जेनजी आन्दोलनले सत्ता मात्र पल्टाइदिएन, पार्टीहरू महिनौँसम्म गुमनाम रहन बाध्य भए । देश सरकारविहीन अवस्थामा पुग्यो । त्यस समयमा नेपाली सेनाले स्थितिलाई नियन्त्रणमा लियो र देशलाई असफल राष्ट्र हुनबाट बचायो । प्रधानसेनापतिको अगुवाइमा जेन जी युवाहरू र राष्ट्रपतिको बीच वार्ता गराई सरकार गठन गर्ने वातावरण बनाइयो र निवर्तमान सम्माननीय प्रधानन्यायाधीश श्री सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार गठन गरियो ।

अन्तमा, नेपाली राजनीतिक इतिहासमा जनताले आफ्ना अधिकारका लागि ठुला संघर्ष र बलिदानहरू गरेर आम निर्वाचनहरूबाट जनप्रतिनिधिहरूको नयाँ सरकार गठन गरिए तापनि जनताका गाँस, बास र कपासको अधिकार सुनिश्चित गरी देश समृद्धिको बाटोतर्फ अघि नबढेकाले जेन जी पुस्ताले देशको राजनीतिक अवस्था बदल्न आन्दोलन गरेका हुन् । यस पुस्ताले गरेको आन्दोलनले जनताले समयसापेक्ष आफ्ना मागहरू पूरा गर्न सक्ने सक्षम, इमानदार र देशप्रेमी जनप्रतिनिधिहरू छनोट गरी आफ्नो अधिकारको सदुपयोग गर्नु नितान्त आवश्यक देखिएको छ । आफ्नो जिम्मेवारी पूरा गर्दै जनताको अधिकार सुनिश्चित गर्न सरकार कम्मर कसेर चुनाव गराउनुको विकल्प छैन । आगामी चुनावमा नयाँ राजनीतिक दलहरूको आगमनले पुराना दलहरूलाई चुनौती दिएको मात्र छैन, उनीहरूको अस्तित्वमाथि नै प्रश्नचिन्ह खडा रहेको बेलामा कतिपय पुराना राजनीतिक दलहरू अग्निपरीक्षाको तराजुमा जोखिनुपर्ने ठुलो चुनौती आएको छ । आगामी आम निर्वाचन वि.सं. २०८२ लाई विशेष गरी जेन जी पुस्ताले आफ्नो भविष्य कोर्ने सुनौलो अवसरको रूपमा लिएको देखिन्छ । सरकारलाई उम्मेदवारहरू र जनताको शान्तिसुरक्षा सुनिश्चित गराउनुपर्ने चुनौती थपिएको छ । सरकार, राजनीतिक दल र जनता संयमित भई शान्तिपूर्ण चुनाव सम्पन्न गराउन सबैले सहयोग गर्नुपर्दछ । अबको आम निर्वाचनपश्चात् गठन हुने सरकारले देशलाई भ्रष्टाचारमुक्त बनाई राष्ट्रको उन्नति र समृद्धिको बाटोमा डोऱ्याउनेछ भन्ने जनताले ठुलो आशा राखेका छन् । रातोपाटीबाट

# राष्ट्रपति रनिङ शिल्डमा शनिश्चरे मावि २१ स्वर्णसहित नगर प्रथम

झापा । अर्जुनधारा नगरपालिकामा सम्पन्न १६ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा शनिश्चरे माध्यमिक विद्यालय २१ स्वर्ण पदकसहित नगर प्रथम भएको छ । शनिश्चरे माविले यसअघि पनि लगातार उत्कृष्ट नतिजा निकाल्दै आएको छ । विद्यालयले २०८० सालमा २१ स्वर्ण पदकसहित नगर प्रथम,२०८१ सालमा २० स्वर्ण पदकसहित नगर प्रथम,२०८२ सालमा पुनः २१ स्वर्ण पदकसहित नगर प्रथम हासिल गर्दै लगातार तीन वर्ष आफ्नो दबदबा कायम राख्न सफल भएको हो ।यस प्रतियोगितामा विद्यार्थी आर्यान पुरीले उत्कृष्ट प्रदर्शन गर्दै विद्यालयको विजयमा महत्वपूर्ण योगदान दिएका छन् ।- प्रकाशचन्द्र दाहाल

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष**: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष**: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन**: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट**: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह**: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या**: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला**: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक**: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु**: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर**: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ**: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन**: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ